श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को केन्द्रीय कार्यालय भवन सामाजिक सेवा मन्दिरको लागि करदाताले खर्च गरेको वा चन्दा दिएको रकम करदाताको आय निर्धारण गर्दा कुल आयबाट खर्चबापत पूर्ण रूपमा कट्टा गर्न पाउने, तर यसरी चन्दा दिएका करदाताहरूको खुद आय कायम गर्दा चन्दाको रकमको कारणबाट नोक्सान देखिन आएमा यस्तो नोक्सानी आगामी वर्षको आयमा कट्टा गर्न नपाउने गरी यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा ३ को उप-दफा २ (ख) को अधिकार प्रयोग गरी निम्न अनुसारका २३ किसिमका साना उद्योगहरूलाई उद्योग स्थापना गर्न अनुमति लिनु नपर्ने गरी तोकेको छ ।

(१) फलफूल प्रशोधन तथा क्यानिंग
(२) अदुवा प्रशोधन
(३) कफि प्रशोधन
(४) चिया प्रशोधन
(५) जडिबुटी प्रशोधन
(६) चिनी
(७) दुग्ध प्रशोधन तथा आईसक्रीम
(८) बिस्कुट
(९) बेकरी
(१०) सिमेण्ट (वातावरण दूषितीकरण हुन नदिने दृष्टिकोणले काठमाडौं उपत्यकाबाहेक)
(११) स्टोन क्रसिंग
(१२) फ्लोरिंग टायल
(१३) कंक्रीट ब्लक
(१४) स-डष्ट बिकेट
(१५) इँटा टायल
(१६) ह्यूम पाईप
(१७) नट बोल्ट
(१८) किला कांटी
(१९) कब्जा छिस्किनी
(२०) कपडा
(२१) लेख्ने कागज
(२२) नूडल्स र अन्य खाद्य प्रशोधन
(२३) मिनरल पानी र अन्य बोतल बन्द पानी ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८४